# आ. व.२०८१/८२ को प्रथम सात महिना (श्रावण-माघ) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०८१/८२ को प्रथम सात महिना (श्रावण-माघ)को अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १३.३ प्रतिशतले वृद्धि भई रु.१११५.७९ अर्व पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ११.४ प्रतिशत र ८८.६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपालको कुल निकासीमा ४६.५ प्रतिशतले वृद्धि भई रु १२७.२० अर्व तथा कुल पैठारीमा १०.१ प्रतिशतले वृद्धि भई रु. ९८८.५९ अर्व पुगेको छ । आ.व. २०८०/८१ को प्रथम सात महीनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१०.३ रहेकोमा आ.व. २०८१/८२ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:७.८ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा सोयाविन तेल, फलाम तथा फलामका उत्पादनहरु, यार्न, ऊनी गलैंचा, सूर्यमुखी तेल, तयारी पोशाक, , अलैंची, ,प्लाईउड, जुट तथा जुटका सामानहरु, जुस, चिया, ऊनी फेल्टका उत्पादन, कुकुर विरालाका आहारा, पिना, पश्मिना शल, कपडा, जडीबुटी, , अदुवा, तामा तथा तामाका उत्पादन, चाउचाउ प्रमुख रुपमा रहेका छन् ।
समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा भारी भई रु ३२ अर्ब ४१ करोड पुगेको छ । फलाम तथा तिनका उत्पादनको निर्यातमा १४.७ प्रतिशतले ह्रास आई रु ८ अर्ब ६३ करोडमा झरेको छ । समीक्षा अवधिमा यार्नको निर्यातमा २३.७ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब १३ करोड पुगेको छ । ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा ६.५ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ४६ करोड पुगेको छ । तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा ४.५ प्रतिशतले ह्रास आई रु. ५ अर्ब २९ करोड पुगेको छ। प्लाईऊडको निर्यातमा २०.१ प्रतिशतले वृद्धि भई रु ५ अर्ब ५ करोड पुगेको छ । समीक्षा अवधिमा जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा ६.५ प्रतिशतले ह्रास आई रु. ४ अर्ब १८ करोडमा सीमित भएको छ । समीक्षा अवधिमा जुसको निकासीमा ९.६ प्रतिशतले ह्रास आई रु. ३ अर्ब ९६ करोडमा झरेको छ । । यसै गरी अर्को प्रमुख निर्यातजन्य ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ८.५ प्रतिशतले वृद्धि भई रु २ अर्ब ९९ करोड पुगेको छ । समीक्षा अवधिमा सूर्यमुखी तेलको निर्यातमा भारी वृद्धि भई रु ६ अर्ब ५७ करोड पुगेको छ ।
कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा २१.५ प्रतिशतले वृद्धि भई रु ५ अर्ब ३९ करोड पुगेको छ । यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा ४६.१ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ४० करोड पुगेको छ

। यसै गरी समीक्षा अवधिमा अदुवाको निर्यातमा ६०.३ ले ह्रास आई रु. ४० करोडमा सीमित भएको छ। पीना (आयलकेक) को निर्यातमा २१.० प्रतिशतले वृद्धि भई रु २ अर्ब ५ करोड पुगेको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ६६.९० प्रतिशतले वृद्धि भई रु ९८ अर्ब १ करोड पुगेको छ। नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७.६३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षका सो हिस्सा ७७.०५ प्रतिशत पुगेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, चीन, युके, युएई, फ्रान्स, जापान, अष्ट्रेलिया, इटाली, टर्की, क्यानडा, नेदरलेण्ड्स, र अफगानिस्तान प्रमुख रुपमा रहेका छन्।

पैठारीतर्फ समग्रमा आ.व. २०८१/८२ को प्रथम सात महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थमा ४.२८ प्रतिशतले ह्रास आई रु. १५७.८५ अर्बमा झरेको छ। समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ७.३८ प्रतिशतले वृद्धि भई रु. ९४.४३ अर्ब पुगेको छ। मशिनरी तथा पार्ट्समा १३.५६ प्रतिशतले वृद्धि भई रु. ६५.१६ अर्ब पुगेको छ। कच्चा भटमास तेलको आयातमा ३४८.०७ प्रतिशतले वृद्धि भई रु. ३८.३० अर्ब पुगेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ३.४८ प्रतिशतले वृद्धि भई रु. २५.०६ अर्बमा सीमित भएको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ९.१९ प्रतिशतले वृद्धि भई रु. ४१.९२ अर्बमा पुगेको छ। यातायातका साधन र तिनका पार्टपुर्जामा २९.८० प्रतिशतले वृद्धि भई रु. ५५.२१ अर्ब पुगेको छ। कच्चा पाम तेलको आयातमा ५४.२७ प्रतिशतले ह्रास आई रु. ३ अर्ब ४१ करोडमा सीमित भएको छ। अन्नको आयातमा २८.८७ प्रतिशतले वृद्धि भई रु ३६.३५ अर्ब पुगेको छ। समीक्षा अवधिमा तयारी पोशाकको आयातमा १७.९० प्रतिशतले वृद्धि भई रु २६.०० अर्ब पुगेको छ। दुरसञ्चारका सामाग्रीको आयातमा ४.६४ प्रतिशतले वृद्धि भई रु २३.४८ अर्ब पुगेको छ। सूनको आयातमा १०.४१ प्रतिशतले ह्रास आई रु १२.३३ अर्बमा झरेको छ।
नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, अर्जेण्टिना, युक्रेन, युएई, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, इण्डोनेशिया, मलेशिया, थाइलेण्ड, फ्रान्स कतार, क्यानडा, र ब्राजील प्रमुख रुपमा रहेका छन्।
चालु आर्थिक वर्ष २०८१/८२ प्रथम सात महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा निकासी र पैठारी दुवैमा वृद्धि हुँदा व्यापारघाटामा ६.२ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. ८६१.३८ अर्व पुगेको छ।